## सचेत बनौं !

१. विषादी विष भएकोले सुरक्षित हुन कम्तिमा हातमा पञ्जा (Gloves) र नाक मुखमा मास्को प्रयोग अनिवार्य छ।

२. नुनपानीको घोलमा थिग्रिएको बीउमा धानका ढुसीजन्य रोगहरूका जिवाणुहरू उत्रिएको बीउमा भन्दा ४०-६० प्रतिशतले कम हुन्छ।

३. नुनपानीको घोलमा थिग्रिएको बीउको तौल उत्रिएको बीउको तौलभन्दा भन्दा १५-२५ प्रतिशतले बढी हुन्छ र उमारशक्ति पनि उत्तिकै बढी हुन्छ र उत्पादन पनि बढी हुन्छ।

४. उच्च प्रविधीयुक्त तौलमा आधारित ग्रेडिङ्ग गरिएको बीउलाई नुनपानीको छनौट विधि आवश्यक हुँदैन।

## References


- Manandhar H.K., Parajuli G.P., Chaudhary B., Manandhar G., and Shrestha S.P. 2007. स्वस्थ धानको बीउ छानौं, उत्पादन बढाऔं (पोस्टर). Plant Pathoogy Division, Khumaltar, Lalitpur, NARC, Nepal and Danish Seed Health Centre, Copenhagen, Denmark.



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

परियोजना कार्यान्वयन एकाई, भरतपुर, चितवन

Email: pmamp.piu.chitwan@gmail.com

Website: piuchitwan.pmamp.gov.np

सम्पर्क : ०५६-४९३३१२




# घरेलु तरिकाले बीउ छान्ने विधि




माधव पौडेल

धानको एउटै बालामा पनि समान रूपले दाना परिपक्क भएका हुँदैनन् । रोग लागेर, किराले चुसेर वा वातावरणीय Stress मा परेर, वाक्लो पातलो भएर आदि कारणहरूवाट बीउ उत्पादन गर्ने खेतमा धानका दानाहरू असमान तौल र साईजका हुन सक्छन् । व्यवसायिक बीउ उत्पादकले मेसिनहरूको प्रयोगवाट बीउको ग्रेडिङ्ग गर्छन् भने कृषकले घरमै राख्ने बीउहरू पनि स्थानिय विधिवाट छनौट गर्छन् । एकनासको उपर्युक्त साईज र तौलको बीउ प्रयोग गर्दा उम्रने, बढ्ने र फल्ने क्षमता पनि करिव एकैनासको हुन्छ । एउटै लटको बीउमा पनि बढी तौल भएका बीउको उम्रने, बढ्ने र फल्ने क्षमता बढी हुन्छ । सोहि व्यवस्थापन र लगानीमा बढी फलाउनु कृषकको आवश्यकता हो । तसर्थ, न्युन गुणस्तरको बीउ हटाउनु कृषकको लागि अति नै महत्वपूर्ण काम हो ।

## नुन पानीको घोलमा बीउ उपचार/छनौट विधि

| | |
|---|---|
| १. बाल्टिनमा आधा पानी लिनुहोस् । बाल्टिनमा अण्डा राख्नुहोस् जुन सुरूमा डुब्छ । |  |
| २. अव पानीमा नुन राख्दै घोल्दै जानुहोस् (अनुमानित १ केजी प्रति ५-६ लिटर पानी) । जब अण्डा नुनपानीमा उत्रिन थाल्दछ घोल तयार भयो । |  |
| ३. अण्डा निकाल्नुहोस् र बीउ पानीमा हालेर चलाउनुहोस् । |  |
| ४. २-३ मिनेटमै उत्रिएको दानालाई निकालेर डुबेको (थिग्रिएको) र उत्रिएको बीउ छुट्याउनुहोस् । |   |
| ५. नुनपानीमा डुबेको स्वस्थ बीउलाई निकालेर राम्रोसँग कम्तिमा ३ पटक पखालेर छायाँमा सुकाई आवश्यकता अनुसार बीउको उपचार गरी छर्नुहोस् । |  |

कालो पोके, मरूवा र ब्लाष्ट, खैरे थोप्ले आदिको समस्या हुने क्षेत्रका लागि बीउको उपचार अनिवार्य गर्नुपर्छ ।

## बीउ उपचार कसरी गर्ने ?

१. धानको बीउलाई नुन पानीले छनौट गरेर राम्ररी पखाली सकेपछी गर्मी मौसममा १२-२४ घण्टा सम्म र जाडो मौसममा राखिने बीउमा करिब २४-४८ घण्टा पानीमा पुरै भिजाउने ।
२. पानीले ढाडिएको बीउ बाहिर निकाली छायाँमा हल्का ओभानो बनाउने ।
३. ढुसीको प्रकोप हुनसक्ने भएकोले कार्वेन्डाजिम ५०% डब्लु.पी. र मेन्कोजेब ७५% डब्लु.पी. वा ट्राईसाक्लाजोल ७५% डब्लु.पी. विषादि २-३ ग्राम प्रति १ केजी बीउका दरले ढाडिएको तर नफुटेको बीउलाई उपचार गर्ने ।
४. यसरी उपचार गर्दा २-३ ग्राम विषादी करिब ५ मि.लि. पानीका दरले आवश्यकता अनुसारको लेदो बनाउने ।
५. विषादीको लेदो सबै बीउमा पर्ने गरी मिलाउने र आवश्यकता अनुसार चलाउने ।
६. केही समय छायाँमा सुकाएर हल्का फुट्न लागेको बीउ छर्ने ।
७. याद गरौं, ढुसीनासक बिषादी टुसा उम्रिसकेको बीउमा प्रयोग गर्दा भन हानी हुनसक्ने भएकोले ढाडिएको तर नफुटेको बीउमा मात्र प्रयोग गरौं ।